बैठक संख्या - २३

## निर्णय नं. १:-

प्रस्ताव नं. १ मा छलफल गर्दा यस कोहलपुर नगरपालिका कार्यालयमा नयाँ सरुवा भई आउनु भएका ले.अ. श्री तुकमान पुन मगरलाई स्वागत तथा सफल कार्यकालको शुभकामना दिने निर्णय गरियो ।

## निर्णय नं. २:-

प्रस्ताव नं. २ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको भौतिक सम्पत्ति सुरक्षाको लागि राति पालो पहरामा खटिने कर्मचारीलाई प्रति रात प्रति व्यक्ति रु.१५०।- अक्षरेपी एक सय पचास रुपैया पारिश्रमिक दिने निर्णय गरियो ।

## निर्णय नं. ३:-

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाबाट जाने लामो दुरीमा संचालन हुने बसहरुको बसपार्क निर्माणका लागि TDF लाई बिड डकुमेन्ट लगायत अन्य आवश्यक डकुमेन्ट बनाउन अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४:-

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस कोहलपुर नगरपालिका क्षेत्रमा रहेको कुनै एक सार्वजनिक विद्यालयमा कला प्रतिष्ठान संचालनको लागि ललितकला प्रतिष्ठान नेपाललाई अनुरोधको लागि पत्राचार गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५:-

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको शिक्षा नियमावली, २०७४ परिच्छेद ४ नियम २४ (ख) बमोजिम शिक्षा समितिमा कार्यपालिकाका सदस्यहरु मध्ये तपसिलका सदस्यहरुलाई नगर शिक्षा समितिमा मनोनयन गर्ने निर्णय गरियो ।

तपसिल:-

१) श्री नगर प्रमुख - संयोजक

२) श्री प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३) श्री नारायणी वली - कार्यपालिका सदस्य

४) श्री शान्ती सुनार्नी - कार्यपालिका सदस्य

५) श्री दयाराम बि.क. - कार्यपालिका सदस्य

६) श्री सामाजिक विकास समिति संयोजक - सदस्य

७) श्री यम बहादुर रावत - सदस्य (संस्थागत विद्यालय)

८) श्री एकदेव पन्थी - सदस्य (सार्वजनिक विद्यालय)

१०) श्री कोहलपुर माध्यमिक विद्यालय प्राध्यापक - सदस्य (गुठी)

११) श्री नगर शिक्षा अधिकृत - सदस्य सचिव

०७८/१२/२२

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

**निर्णय नं. ६:-**

प्रस्ताव नं.६ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको योजना अनुगमन समिति स्थानीय तहको वार्षिक योजना तथा तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) अनुसार पुर्नगठन गर्नु पर्ने भएकोले अन्य सदस्यहरुलाई यथावत राखी कार्यपालिकाका सदस्य श्री रेशम बहादुर खत्रीलाई सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:-**

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको कार्यरत सामाजिक परिचालकहरुको म्याद २०७४/९/१७ मा समाप्त भएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्रानुसार निजहरुको म्याद २०७४/१२/१६ देखि ०७५ आषाढ मसान्त सम्म थप भएकोले निरन्तर कार्यरत सामाजिक परिचालकलाई २०७४/९/१८ गते देखि २०७४/१२/१५ गते सम्मको पारिश्रमिक नगरपालिकाबाट दिने साथै मिति २०७४/१२/१६ देखि २०७५ आषाढ मसान्त सम्म तोकिएको पारिश्रमिक पाउने गरी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:-**

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको मिति २०७४ श्रावण १ गते देखि हाल सम्मको आन्तरिक लेखा परिक्षण गर्नु पर्ने भएकोले लेखा शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ९:-**

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको वार्ड नं. ८ मा तटबन्धनको शिर्षकमा विनियोजन गरेको रकम रु.२३,४०,०००। अक्षरेपी तेइस लाख चालिस हजार नदी वहाव परिवर्तन क्षेत्रमा संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:-**

प्रस्ताव नं. १० मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको वार्ड नं. १५ मा संचालन हुने गौरवको योजना (बरको रुख देखि चौधरीया गाँउ सम्म) सडक कालो पत्रे उपभोक्ता समिति गठन गरी तत्काल संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:-**

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको कृषि सेवा केन्द्रबाट प्राप्त पत्रानुसार मौसमको कारणले विभिन्न चालु शिर्षकमा विनियोजित गरेको रकम रु.२,००,०००। अक्षरेपी दुई लाख खर्च हुन नसकी कार्यालयको पर्खाल निर्माणमा खर्च गर्ने भनि उल्लेख भएकोमा उक्त चालु शिर्षकको बजेटलाई संशोधन गरी पर्खाल निर्माणको योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:-**

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाबाट संचालन हुने लक्षित कार्यक्रम संचालनको लागि प्रस्तावनाहरु पेश गर्ने संस्थाहरुको प्रोफाईल हेरेर सम्झौता गर्ने र कार्य सम्पादन चित्त बुझ्दो नभएमा आगामी आर्थिक वर्षमा कालो सूचीमा राख्ने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. १३:-**

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको मन्दिर, चर्च, गुम्बा र मस्जिदमा छुट्याइएको रकमको ६० प्रतिशत रकम पहिला नै बाँडिसकेकोमा बाँकी रहेको ४० प्रतिशत रकम सबै वडाहरुमा दामासाही रुपमा बाड्ने निर्णय गरियो ।

**निर्णय नं. १४:-**

प्रस्ताव नं. १४ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको सामाजिक विकास समितिको मिति २०७४/१२/२१ गते बसेको बैठकको निर्णय अनुसार जेष्ठ नागरिक स्वास्थ्य शिविर संचालनको लागि नगर सभाबाट विनियोजित रकम रु.१०,००,०००। अक्षरेपी दश लाख मध्ये रु.८,००,०००। अक्षरेपी आठ लाख जेष्ठ नागरिकहरुको लागि निशुल्क स्वास्थ्य शिविर संचालन र बाँकी २,००,०००। अक्षरेपी दुई लाख नगर स्वास्थ्य शाखा कार्यालयको व्यवस्थापन तथा फर्निचरमा खर्च गर्ने भनि उल्लेख भएकोमा सोही अनुरुपको शिर्षकमा बजेट संशोधन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:-**

प्रस्ताव नं. १५ मा छलफल गर्दा यस कोहलपुर नगरपालिका क्षेत्र भित्र विगत आर्थिक वर्षहरुमा ठेक्का सम्झौता भई निर्माणाधिन रहेका तपसिल बमोजिमका केन्द्रिय योजनाहरुको बजेट निकासा नभई कार्य सम्पन्न हुन नसकेकोले उक्त योजनाहरु रहेको कार्य सम्पन्न गर्नको लागि आवश्यक पर्ने बजेट निकासाका लागि अर्थ मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :-

१) कोहलपुर वडा नं. १४ हवल्दारपुर देखि मदन चोक हुँदै नौवस्ता सडक खण्ड ११.३ कि.मि.

२) कोलपुर वडा नं. ७, रजगढवाको डुडुवा खोलामा निर्माणाधिन मोटोरेवल पुल

३) कोहलपुर वडा नं. ११ र १३ जोड्ने (एकतानगर/सिम्रि) निर्माणाधिन डुडुवा खोला पुल

४) कोहलपुर वडा नं. ४ र ६ जोड्ने निर्माणाधिन किरणनाला पुल

५) कोलपुर नगरपालिकाको सुविधा सम्पन्न भवन निर्माणको लागि आवश्यक बजेट

**निर्णय नं. १६:-**

प्रस्ताव नं. १६ मा छलफल गर्दा यस नगरपालिकामा आगामी आर्थिक बर्षमा संचालन हुने तपसिलका गौरवका योजनाहरुलाई आवश्यक पर्ने बजेट व्यवस्थापन गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:-

१) लक्ष्मी माध्यमिक विद्यालय कोहलपुर वडा नं. २ वर्दहवा बालि विज्ञान विषयक प्राविधिक शिक्षाको लागि आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन

२) कोहलपुर नगरपालिकाको ५६ कि.मि. रिङ्गरोड

३) डुडुवा खोला तटबन्धन र करिडोर निर्माण कवर्ड हलको डि.पि.आर. निर्माण

४) बाँके राष्ट्रिय निकुञ्ज पाटेबाघ संरक्षणको लागि स्थापना भएको हुँदा उक्त राष्ट्रिय निकुञ्ज नजिकै अत्याधुनिक पार्क सहित विश्वको सबै भन्दा ठूलो पाटेबाघको मूर्ति निर्माण

५) अत्याधुनिक बसपार्क निर्माण

## निर्णय नं १७

प्रस्ताव नं. १७ मा छलफल गर्दा यस नगरपालिका अन्तरगत कक्षा ८ संचालित संस्थागत विद्यालयहरुले परिक्षा शुल्क बापतको रु.४,१७,६००।-(अक्षेरुपी चार लाख सत्र हजार छ सय ) मात्र संचित खातामा जम्मा गरेको हुँदा उक्त रकम खर्च खतामा ट्रान्सफर गर्ने निर्णय गरियो ।

## निर्णय नं १८

प्रस्ताव न. १८ मा छलफल गर्दा कोहलपुर नगरपालिकामा लामो दुरीको बसपार्क निर्माणको लागि आवश्यक पर्ने डि.पी.आर. (Detial Project Report, DPR) तयार पार्नको लागि प्रचलित कानून अनुसार परामर्श सेवा खरिद गर्ने निर्णय गरियो । साथै उक्त डि.पी.आर. को लागि आवश्यक पर्ने रकम परामर्श शिर्षक वाट भुक्तानी गर्ने निर्णय गरियो ।

०७८।१२।२२

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)